# "पुथा उत्तरगङ्गा गाउँपालिका छात्रवृत्ति वितरण सम्वन्धी कार्यविधी २०८०"

## प्रस्थापना

पुथा उत्तरगङ्गा गाउँपालिका अन्तर्तगत  सन्चालित विभिन्न प्राविधिक विद्यालय वा शिक्षालयहरुमा अध्ययनरत जेहेन्दार, आर्थिक रुपले विपन्न, आदिवासि, जनजाति, महिला,  सहिद परिवारहरु, तथा  दलित अपाङ्ग विद्यार्थीहरुलाई प्राविधिक तथा व्यवसायिक शिक्षा प्राप्त गर्नको लागि आर्थिक रुपमा सहज होस भन्ने उद्देश्यका साथ पुथा उत्तरगंगा गाउँपालिकाले  उच्च शिक्षा तथा प्राविधिक छात्रबृत्ति बितरण सम्वन्धी कार्यविधी बनाई लागू गर्न बान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(झ) को उपदफा १६  ले दिएको अधिकार प्रयोग गरि पुथा उत्तरगङ्गा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले यो कार्यविधी बनाएको छ।

१**. संक्षिप्त नाम र प्रारम्भ** (क) यस कार्यविधिको पुथा उत्तरगङ्गा गाउँपालिका शिक्षा तथा छात्रबृत्ति वितरण सम्वन्धी कार्यविधी, २०८० रहेको छ।

(ख) यो कार्यविधी गाउँपालिका अन्तर्गतका प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालय र ति संस्थाहरुमा प्राविधिक विषयहरु अध्ययन गर्ने पुथा उत्तरगङ्गा मा बसोवास भएका विद्यार्थीहरुलाई केन्द्रित गरेर तयार गरिएको छ।

(ग) यो कार्यविधी गाउँपालिकाको गाउँसभाको बैठकबाट स्विकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः

(क) **"विद्यालय वा शिक्षालय"**भन्नाले प्राविधिक विषय अध्ययन अध्यापन हुने शैक्षिक संस्थाहरु लाई सम्झनु पर्दछ।

(ख) **"जेहेन्दार विद्यार्थी"** भन्नाले छात्रवृत्तिको लागि आवेदन दिएका पुथाउत्तरगङ्गा भित्र वसोवास भएका विद्यार्थीहरुमध्ये अघिल्लो कक्षामा उच्चतम अंक प्राप्त गरेको विद्यार्थीलाई सम्झनु पर्दछ।

(ग) **"गाउँपालिका"** भन्नाले पुथाउत्तरगङ्गा गाउँपालिका सम्झनु पर्दछ ।

(घ) **"गाउँपालिका कार्यपालिका"** भन्नाले पुथाउत्तरगङ्गा गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) **"प्राविधिक छात्रवृत्ति"**भन्नाले नेपाल सरकार प्राविधिक धार भनि काटान गरिएको कक्षा १२ वा डिप्लोमा तह समेत प्राविधिक विषय अध्ययन गर्न पुथा उत्तरगङ्गा गाउँपालिका भित्र स्थायी बसोवास भै यस पुथाउत्तरगङ्गा गाउँपालिका भित्रकै कै सामुदायिक विद्यालयवाट SLC अथवा SEE पास गरेको विद्यार्थीहरुलाई प्रदान गरिने छात्रबृत्ति सम्झनु पर्दछ ।

(च) "**समिति**" भन्नाले कार्यविधीको दफा ३ वमोजिम गठित छात्रवृत्ति वितरण तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(छ) "**शिक्षा युवा तथा खेलकुद शाखा"** भन्नाले गाउँ पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्दछ ।

(ज) "**शिक्षा समिति**" भन्नाले गाउँ शिक्षा समितिलाई सम्झनु पर्दछ ।

(झ) "**अध्यक्ष**" भन्नाले गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

## परिच्छेदः २

## छात्रबृत्ति व्यवस्थापन तथा वितरण समिति

३. गाउँपालिका प्राविद्यिक छात्रवृत्ति व्यवस्थापन तथा वितरण गर्ने तपशिल बमोजिमको एक समिति रहनेछ ।

(क) **गाउँपालिका अध्यक्ष** - संयोजक

(ख) गाउँपालिकाको उपाध्यक्ष - सदस्य

(ग) गाउँपालिकाको सामाजिक विकास समिति संयोजक - सदस्य

(घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य

(ङ) पुथा उत्तरगङ्गा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

४. **पुथा उत्तरगङ्गा गाउँपालिका गाउँकार्यपालिका प्राविधिक छात्रवृत्ति व्यवस्थापन तथा वितरण समितको काम कर्तव्य र अधिकारहरुः**

क) छात्रवृत्ति वितरणका लागि प्राविधिक विषय अध्ययनरत विद्यार्थीहरुलाई आवेदन दिन अनुसुचि १ बमोजिमको ढाँचामा फारम भर्न सूचना प्रकाशन गर्ने ।

ख) गाउँपालिकाबाट उपलब्ध गराउने प्राविधिक छात्रवृत्ति सम्वन्धी आवश्यक नीति तथा मापदण्ड निर्धारण गर्ने ।

ग) निर्धारित निति तथा मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्ने सिफारिस गर्ने ।

घ)छात्रवृत्तिको कार्यान्वयनको अवस्थाको अनुगमणन तथा मुल्यांकन गर्ने ।

ङ) छात्रवृत्तिको प्रभावकारिता सम्बन्धमा अध्ययन अनुसन्धान गरी गाउँ कार्यपालिकालाई सुझाव प्रदान गर्ने ।

**५. प्राविधिक छात्रवृत्तिका प्रकारहरु**

क) निम्न स्तरिय प्राविधिक छात्रबृत्तिः

एस इ इ उत्तिर्ण गरि प्राविधिक विषयमा १८ महिने प्राविधिक एस इ इ वा प्री डिप्लोमा तह भनि नेपाल सरकारबाट मान्यता प्राप्त विषय र तहको प्राविधिक शिक्षा अध्ययनको लागि यो छात्रवृत्ति उपलब्ध गराइने छ ।

**(ख) मध्यम स्तरीय प्राविधिक शिक्षा छात्रबृत्तिः** कक्षा १२ वा प्रविणता प्रमाण पत्र तह वा प्राविधिक डिप्लोमा तहको प्राविधिक शिक्षा भनी नेपाल सारकारवाट मान्यता प्राप्त विषय र तहको प्राविधिक शिक्षा अध्ययनको लागि यो छात्रबृत्ति उपलव्ध गराइने छ

(ग)**उच्चस्तरिय प्राविधिक शिक्षा छात्रवृत्तिः** स्नातक तह वा सो सरहको प्राविधिक विषय र शिक्षा भनी नेपाल सरकारवाट मान्यता प्राप्त विषय र तहको शिक्षा अध्ययनको लागि यो छात्रबृत्ति उपलब्ध गराइने छ ।

(६) **प्राविधिक छात्रवृत्ति विवरणका आधारभुत मापदण्डः**

**(क)** छात्रबृत्ति प्राप्त गर्न आवश्यक न्युनतम योग्यता वा प्राप्ताङ्कको हकमा शिक्षा विज्ञान तथा प्राविधि मन्त्रालय विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको न्युनतम मापदण्ड अनुसार हुनेछ ।

**(ख)** देहायको मापदण्ड वा योग्यता पुगेको अवस्थामा मात्र अनुसूची बमोजिमको निवेदन उपर कारवाही गरी छात्रवृत्ति प्रदान सकीने छ ।

**(१)** पुथा उत्तरगङ्गा गाउँपालिका भित्र स्थायी बसोवास भएको

(२) अति विपन्न, जेहन्दार, दलित, सहिद परिवार, अपांगता

(३) नेपाल सरकार शिक्षा विज्ञान तथा प्राविधी मन्त्रालय/ विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको मापदण्ड पुरा गरेको ।

(४) सामुदायिक विद्यालयबाट एस एल सी वा एस इ इ उत्तिर्ण गरेको ।

(५) अनुसुची ३ बमोजिमको प्रतिवद्धता पत्रमा हस्ताक्षर गरेको ।

## परिच्छेदः ३

## छात्रबृत्ति प्रदान गर्ने विद्यार्थी छनौटका प्रक्रियाहरु

७. प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थी छनौट गर्दा तपशिल बमोजिमका प्रक्रियाहरु अपनाउनु पर्नेछः

क) प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रवृत्ति प्राप्त गर्नको लागि गाउँ शिक्षा युवा, तथा खेलकुद शाखामा निवेदन सहित फारम भर्न आह्वान गरि अनुसुचि- २ बमोजिमका आधारहरु सहित सुचना प्रकाशन गर्ने,

ख) विद्यार्थीहरुबाट प्राप्त निवेदन अनुसुचि २ बमोजिमका आधार बमोजिम हुने गरि छुट्टाटुट्टै दर्ता गर्ने ।

ग) दर्ता भएका निवेदन विद्यार्थीका कागजात तथा प्रमाण पत्रहरु रुजु गर्ने ।

घ) उपदफा (ख) र (ग) बमोजिमका विद्यार्थीहरुका विवरण र प्रमाणित कागजताको आधारमा **अनुसुचि ३ अनुसारका ढाँचामा विद्यार्थीहरुलाई अङ्क प्रदान गर्ने** ।

ङ) प्राप्त गरेको अङ्कका आधारमा योग्यताक्रम तयार गर्ने ।

च) तयार गरिएको योग्यताक्रम समितिमा पेश गर्ने र समितिले छात्रवृत्तिका लागि विद्यार्थीको छनौट गर्ने ।

छ) गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाले छनौट भएका विद्यार्थी अध्ययनरत विद्यालयको खातामा एकमुष्ठ रुपमा छात्रवृत्ति रकम निकासा गर्ने र छनौट भएको विद्यार्थीको नाम तथा रकम सहितको निकासा पत्र समेत दिने ।

ज) रकम प्राप्त भएपछि विद्यालयले सम्वन्धित विद्यार्थीहरुलाई छात्रवृत्ति वाफतको रकम वितरण गरि भरपाई पुथा उत्तरगङ्गा गाउँपालिकामा पेश गर्नु पर्दछ ।

झ) अनुसुचि ४ अनुसारको प्रतिवद्धता पत्रमा हस्ताक्षर भएकोलाई मात्र प्रथमिकता दिइने छ ।

**७. छात्रवृत्तिको प्रदान नगरिनेः देहायको अवस्थामा छात्रवृत्ति प्रदान गरिने छैन** ।

क) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी कुनै प्रकारको स्थायी अस्थायी वा करार नोकरीमा कार्यरत भएमा,

ख) नियमित रुपमा शैक्षिक संस्थामा उपस्थित भई पठनपाठनमा समावेश नभएमा ,

ग) अन्य निकायबाट नियमित रुपमा छात्रवृत्ति पाइरहेको प्रमाणित भएमा,

घ) अपाङ्ग, दलित जेहनदार छात्रवृत्तिको हकमा कुनै एक तहमा एक छात्रवृत्ति पाईसकेको भएमा,

ङ) एक विद्यार्थीले एक जिल्लामा एक भन्दा बढि किसिमको छात्रवृत्तिमा आवेदन पेश गरेको प्रमाणित भएमा,

च) गलत तथा झुटा विवरण भरी पेश गरेको प्रमाणित भएमा ।

**८ छात्रवृदि रद्ध गरिने** १ निर्देशक समितिले देहाय बमोजिमको अवस्थामा यस कार्यविधि बमोजिम प्रदान गरिएको छात्रवृत्ति रद्ध गर्न सक्नेछः ।

क) झुटा विवरणहरु पेश गरेमा

ख) अध्ययन पूर नगरेमा

ग) सम्वन्धित विद्यार्थी ले संस्थाबाट एक वा दुई विषमा अनुर्तिण  भएमा।

## परिच्छेदः ४

## विविध

**अनुगमनः** विद्यार्थीहरुलाई प्रदान गरिएको छात्रबृत्ति रकम प्राप्त गरे नगरेको सम्बन्धमा समितिले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुगमन गर्ने सक्नेछ।

**बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधीको उदेश्य कार्यान्वयन गर्ने केही बाधा अड्काउ भएमा कार्यापालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

**अनुसुचीमा हेरफेर तथा थपघट गर्नेः** कार्यपालिकाले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्ने सक्नेछ।

**९.कार्यविधी संशोधनः** यस कार्याविधीमा संशोधन गर्नुपर्ने भएमा समितिको सिफारिसमा कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ।

१० प्रचिलत कानुन लागु हुने यस कार्यविधीमा भएको व्यवस्था प्रचलित कानुनसंग बाँझिएमा प्रचलित कानुनको व्यवस्था लागू हुनेछ।

११  यस अघि भए गरेका छात्रवृत्ति वितरण सम्वन्धी कार्य यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसुचि १

**(परिच्छेद २ दफा ४ को उपदफा १ क सँग सम्वन्धित)**

| | | |
|---|---|---|
| पुथाउत्तगङ्गा गाउँपालिका | | |
| गाउँकार्यापालिकाको कार्यालय | | |
| तकसेरा ,रुकुम पूर्व | | |
| पुथा उत्तरगङ्गा गाउँपालिका प्राविधिक छात्रवृत्तिको आवेदन फारम | | |
| १. विद्यार्थिको नामः | २.अय्ययनरत तह/कक्षाः | |
| ३. स्थायी ठेगानाः | | |
| ४. लिङ्ग महिला पूरुष | ५. जन्ममिति /६. अपाङ्गता भएका वर्ग खुलाउनेः | |
| ७. जाति जनजाति (क) ब्राम्हण /क्षेत्री (ख) जनजातिग (ग) दलित (घ) अन्य | | |
| ८.अध्ययनरत विद्यालय वा शिक्षालयको नामः | | |
| ९. अध्ययनरत विद्यालय वा शिक्षालयकोको किसिमः (क) सामुदायिक (ख) संस्थागत घ अन्य | | |
| १०. सम्पर्कफोन | ११.परिचयपत्र नम्वर र किसिम | |
| १२. बुवाको नामथरः | १३. आमाको नामथरः | |
| १४ बुबाआमाको अवस्था (क) दुवै भएको (ख) बुवा भएको आमा नभएको (ग) आमा भएको बुवा नभएको (घ) दुवै नभएको | | |
| १५ SEE/BLEकोग्रेड (SEEनगरेकोमात्र BLE) | | |
| १६ पारिवारीक प्रमुख आयस्रोतः (क) कृर्षि (ख) रोरगारी (ग) घरभाडा (घ) व्यापारङ बैदेशिक आय | | |
| १७ छात्रवृद्धि फारम भरेको समुह (क) जेहन्दार खुला(ख) महिला(ग) जनजाति (घ) सहिदपरिवार(अपाङ्गता) | | |
| **निवेदक**<br>सम्वन्धित विद्यार्थीकोः | **सिफारिस गर्ने**<br>सम्बन्धित शिक्षण संस्थाका प्राचार्यको | **प्रमाणित गर्ने** |
| नामः | नामः | नामः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः |
| सम्पर्क नः | सम्पर्क नः | सम्पर्क नः |

| विद्यार्थी अध्ययनरत शिक्षण संस्थाको छाप | गाउपालिकाले भर्ने | गाउँपालिको छाप |
|---|---|---|
| | फारम दर्ता नम्वर<br>फारम दर्ता मिति<br>फारम दर्ता गर्नेको नाम<br>फारम दर्ता गर्नेको हस्ताक्षरः | |

अनुसुचि २

गाउँपालिका प्राविधिक छात्रवृत्ति प्रदान गर्ने आधारहरु

## (परिच्छेद ३ दफा ५ को उपदफा (क) सँग सम्बन्धित)

| पुथाउत्तरगङ्गा गाउँपालिका प्राविधिक छात्रवृत्ति प्रदान गर्ने आधारहरु | | | | | |
|---|---|---|---|---|---|
| **क्र स** | **छात्रवृत्तिप्रदान गर्ने वर्गहरु** | **निम्न वर्गिय छात्रवृत्ति** | **मध्यम वर्गिय छात्रवृत्ति** | **उच्च वर्गिय छात्रवृत्ति** | आधार २ ३ ४ ५ ६ बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट नभएकव आधार १ को योग्यताक्रम बाट छनौट गरिने छ |
| **१** | जेहन्दार खुल्ला | ५ | ३ | **१** | |
| **२** | महिला | ३ | १ | | |
| **३** | आदिवासि जनजाति | २ | १ | | |
| **४** | दलित | २ | १ | | |
| **५** | अपाङ्ग | ३ | २ | | |
| **६** | सहिदपरिवारको छोराछोरी /नाति नातिनी | ५ | २ | **१** | |

# अनुसुचि ३

## पुथा उत्तरगङ्गा गाउँपालिका प्राविधिक छात्रवृद्धि प्रदान गर्ने लागि विद्यार्थी छनौट मुल्याङ्कन फारम

## (परिच्छेद ३ दफा ५ को उपदफा (घ) सँग सम्वन्धीत)

| क्र स | मुल्याकनका आधारमा | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | **अध्ययनरत संस्था** | २० | | |
| | सामुदायिक | २० | | |
| | संस्थागत | १५ | | |
| | अन्य | १२ | | |
| २ | **बुवाआमाकोअवस्था** | २० | | |
| | सहिद परिवारको छोराछोरी / नाति नातिनी | २० | | |
| | आमाबुवादुवै नभएको | १८ | | |
| | आमा भएको बुवा नभएको | १५ | | |
| | बुवा नभएको आमा नभएको | १५ | | |
| | बुवा आमा दुवै नभएको | २० | | |
| ३ | **परिवारको प्रमुख आयश्रोत** | २० | | |
| | कृर्षि | २० | | |
| | बैदेशिक आय | १८ | | |
| | घरभाडा | १६ | | |
| | व्यापार | १४ | | |
| ४ | रोजगार | १२ | | |
| | **SEE/BLE कोग्रेड** | २० | | |
| | ३.६ वा सो भन्दा माथी | २० | | |
| | २.८ देखि ३.५९ | १७ | | |
| | २. देखि २.७९ | १४ | | |
| ५ | २ भन्दा कम | ११ | | |
| | **अन्तरवार्ता** | २० | | |
| जम्मा | | १०० | | |

## अनुसुचि ४

# प्रतिवद्दता पत्र

यस पुथाउत्तगङ्गा गाउँपालिका वडा न................................निवास.............................................को नाति/ नातिनी....................................................को छोरा छोरी म...........................................................ले गाउँपालिकाबाट वितरण हुने प्राविधिक शिक्षा छात्रवृद्धि प्राप्त गरी अध्ययन गर्न पाएको अवस्थामा अध्ययन समाप्ति पश्चात नगरपालिकाले तोकेको स्थानमा कम्तिमा एक वर्ष स्वयम सेवा गर्ने प्रतिवद्धता जाहेर गर्दछु ।

औलाको छाप

| दाया | वाया |
|---|---|
| | |

नामः

दस्ताखतः

मितिः

रोहवरः छात्रवृद्धि प्राप्त गर्ने व्यक्तिको परिवारको सदस्य

दस्तखतः

नामः

नाताः